कृपा CREHPA

INTERNATIONAL WOMEN'S HEALTH COALITION

**FOR IMMEDIATE RELEASE: March 8, 2019**

**CREHPA Media Contact:** Kusum Wagle
**Phone:** 977-1-5193087
**E-mail:** kusum@crehpa.org.np

**IWHC Media Contact:** Liza Kane-Hartnett
**Phone:** +1917-498-3346
**Email:**media@iwhc.org

**विस्तारित ग्लोबल ग्याग रुलले नेपालको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सेवाको उपलब्धतामा असर पार्नुको साथै नेपालले महिलाको स्वास्थ्यमा गरिरहेको प्रगतिलाई कायम राख्न बाधा पुऱ्याएको छ। वातावरण, स्वास्थ्य र जनसंख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा) र International Women's Health Coalition (IWHC) ले प्रकाशित गरेको नयाँ प्रतिवेदन अनुसार त्यस प्रभावलाई कम गरी सेवाको पहूँचलाई सुनिश्चित गर्न यस नीतिले ल्याएको आर्थिक स्रोतको अन्तरलाई तत्काल परिपूर्ति गर्न अत्यन्त आवश्यक देखिएको छ।**

नेपाली महिला, पुरुष र तिनीहरूका बालबालिकाको स्वास्थ्य सुदृढ बनाउन यौन तथा प्रजनन् स्वास्थ्य सेवाको पहुँच आवश्यक छ तर वातावरण, स्वास्थ्य र जनसंख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा) र International Women's Health Coalition (IWHC) ले प्रकाशित गरेको नयाँ प्रतिवेदन अनुसार अमेरिकी सरकारको विस्तारित मेक्सिको सिटी पोलिसी (Mexico City Policy) जसलाई ग्लोबल ग्याग रुल पनि भनिन्छ, यसले महिलाको स्वास्थ्य, नेपालको स्वास्थ्य क्षेत्र र नागरिक समाजलाई नकारात्मक असर पारेको छ।

प्रमुख अध्ययन कर्ता एवम् कृपाका सह–निर्देशक डा. महेश पुरी भन्नुहुन्छ–"ग्लोबल ग्याग रुलको नकारात्मक प्रभावहरू देखा पर्न केही समय लाग्न सक्छ यद्यपि यसमा कुनै शंका छैन कि यो नीतिले यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको क्षेत्रमा गरिरहेको प्रगतिलाई कायम राख्न बाधा पुऱ्याएको छ र नेपालले महिलाको स्वास्थ्य सुधारमा गरेको प्रगतिलाई पछाडि धकेलेको छ।" डा. पुरीका अनुसार "शुरुमा यसको प्रभाव अमेरिकी अनुदानको कटौती भएको, अमेरिकी सरकारको अनुदानका स्वास्थ्य कार्यक्रम तथा योजना बन्द भएको र नागरिक समाजको साझेदारी, सहकार्य र आवाजलाई कमजोर बनाएको छ।"

सन् २०१७ मा ग्लोबल ग्याग रुल पुनर्स्थापना र विस्तार गरिएपछि अमेरिकाको विश्व स्वास्थ्य सम्बन्धी आर्थिक अनुदान प्राप्त गर्दै आएका नेपाली गैर सरकारी संस्थाहरूले अनुदान प्राप्त गरीराख्ने शर्तको रूपमा उनीहरूको आफ्नै स्रोत समेत प्रयोग नगरी गर्भपतनको सेवा, परामर्श, प्रेषण र वकालतलाई परिवार नियोजनको साधनको रूपमा नअपनाएको प्रमाणित गर्नुपर्ने छ। यस नयाँ नीति अमेरिकी सरकारको सबै विश्व स्वास्थ्य सम्बन्धी आर्थिक अनुदानमा लागु हुन्छ जसको मतलब एच.आई.भी. एड्स, क्षयरोग, औलो, सरुवा रोगहरू, ध्यान नपुगेका उष्ण प्रदेशिय रोगहरु (Neglected Tropical Disease) र पानी तथा सरसफाईमा लक्षित कार्यक्रमको अनुदान समेत रोकिन सक्ने छ। जसको परिणाम स्वरुप गर्भपतनका साथै यौन तथा प्रजनन् स्वास्थ्य सेवामा काम गर्ने राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाहरूका कार्यक्रम र सेवामा नकारात्मक प्रभावहरू देखिन थालेका छन्।

IWHC का Learning, Monitoring and Evaluation कार्यक्रम अधिकृत भेनिसा रियोस् (Vanessa Rios) का अनुसार "यो विस्तारित नीति परिवार नियोजन सेवा भन्दा बाहिरको क्षेत्रमा पनि लागु हुनेहुनाले धेरै संस्थाहरूले या त यस नीतिका शर्तहरु पूरा गर्ने या अमेरिकी सरकारको अनुदान नलिने भन्ने मध्ये एक छनौट गर्नुपर्ने हुन्छ। उनका अनुसार "यो नीतिले नेपालमा स्वास्थ्य सेवाको विस्तार र पहुँचको दीगोपनमा अवरोध सिर्जना गरेको छ।"

यस अध्ययनमा ३९ जना सरोकारवालाहरूसँग अन्तरवार्ता लिईएको थियो। अध्ययनले देखाए अनुसार विस्तारित ग्लोबल ग्याग रुलको कार्यान्वयन पश्चात यौन तथा प्रजनन् स्वास्थ्य सेवाको उपलब्धता र उपयोगमा अन्तर ल्याएको छ। जसले मुख्य रूपमा सिमान्तकृत र सेवाको पहूँच बाहिरका जनसंख्यालाई असर गरेको छ। अमेरिकी सरकारको अनुदान कटौतीले यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार कार्यक्रम अन्तर्गत हुने क्रियाकलापमा उपकरणको आपूर्ति र सेवाको माग बढाउने कार्यमा असर परेको छ, जसले गर्दा सेवाको प्रयोगमा कमी आउने वा उपयोग नै नहुने हुनसक्छ। यस नीतिले अनुदानमा रिक्तता ल्याएको छ र अमेरिकी अनुदान प्राप्त कार्यक्रमको कार्यान्वयन रोकिएको छ। परिवार नियोजन परियोजनाको कार्यान्वयनको लागि अमेरिकी सरकारको अनुदान प्राप्तगर्ने तीनवटा संस्थाहरूले ग्लोबल ग्याग रुल अन्तर्गत कटौतीको कारण आफ्नो कार्यक्रमहरू पूर्व निर्धारित समय अगावै समाप्त गर्न बाध्य भएका छन्। यी संस्थाहरूले वर्षौंदेखि परिवार नियोजन र सुरक्षित गर्भपतन सेवाको विस्तारमा काम गर्दै आएका थिए र यी संस्थाहरूले यस नीतिमा हस्ताक्षर गर्न अस्वीकार गरेका कारण उनीहरूलाई प्रभाव परेको छ।

धेरै चुनौतीहरूका बाबजुद नेपालले हालका वर्षहरुमा महिला स्वास्थ्यको क्षेत्रमा विशेषगरी मातृ र नवजात शिशु स्वास्थ्य साथै सुरक्षित गर्भपतन सेवामा उल्लेखनीय सुधार गरेको छ। तर पनि लैङ्गिक, क्षेत्रीय र सामाजिक समुहहरूमा त्यस्ता स्वास्थ्य असमानता रहिरहेका छन्। यसका अतिरिक्त नेपालमा गैरकानुनी गर्भपतन अझै चिन्ताको विषय रहेको छ। नेपालमा सन् २०१४ मा गरिएको अनुमानित ३,२३,००० गर्भपतन मध्ये ५८ प्रतिशत गैर कानुनी थिए। नेपाल सरकारले आफ्ना नागरिकलाई उपयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने प्रतिवद्धता जनाए पनि यो सामन्यतया बजेटमा प्रतिविम्बित हुनसकेको देखिन्न। स्वास्थ्य क्षेत्रमा सहयोग प्रदान गर्नेहरू मध्येको ठूलो सहयोग दाता अमेरिकी सहयोग नियोग (USAID) ले न्यायोचित र व्यवस्थित स्वास्थ्य प्रणालीको माध्यमबाट नेपालीहरूको जीवनयापन र गुणस्तरीय जीवनको सुधार गर्न नेपाल सरकार र अन्य निकायलाई सहयोग पुऱ्याउनु पर्नेमा नेपालको कानुनसँग बाझिने नीतिको कारण आफ्ना प्राथमिकताहरूलाई नै कायम राख्न बाधा पुगेको छ।

यस नीतिको असर कम गर्न यसबाट सृजना भएको आर्थिक अनुदान र सेवाको उपलब्धता र पहूँचको अन्तर पूरा गर्ने जिम्मेवारी सरकार, अन्य अन्तरराष्ट्रिय दातृ निकाय र नीजि क्षेत्रहरूको सहकार्य र समन्वयमा हुनुपर्छ। सरकार र सांसदहरूले राष्ट्रिय कार्यक्रमहरूलाई प्रभाव पार्ने विदेशी नीतिहरूबारे उच्चस्तरका सरकारी अधिकारीहरूसंग र संसदमा छलफल गर्नुपर्छ र ग्लोबल ग्याग रुलले पारेको अल्पकालिन र दीर्घकालिन प्रभावहरू कम गर्ने तरीकाहरूको पहिचान गर्नुपर्छ।

**थप जानकारीका लागि पूर्ण प्रतिवेदनः Early Impacts of the Expanded Global Gag Rule in Nepal**, Mahesh Puri, Kusum Wagle, Vanessa Rios, and Yasaswi Dhungel **हेर्न सक्नु हुनेछ।**